
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ १६ गते बिहीबार ❑ 1 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## विधायन समितिबाट नागरिकता विधेयक बहुमतले पारित

**रासस**
**काठमाडौं, १५ भदौ**

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले सरकारद्वारा प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न बनेको विधेयक' बहुमतबाट पारित गरेको छ । सिंहदरबारमा बुधबार बसेको समितिको बैठकले सरकारद्वारा प्रस्तुत सो विधेयक बिना संशोधन बहुमतबाट पारित गरेको हो ।

सङ्घीय संसद्को दुवै सदनबाट पारित सो विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाइएकामा राष्ट्रपतिबाट साउन २९ गते आठबुँदे सन्देशसहित प्रतिनिधिसभामा फिर्ता भएको थियो । उक्त विधेयक गत साउन ६ गते सङ्घीय संसद्का दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाइएको थियो ।

समितिको बैठकमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले) सांसद देवेन्द्र दाहाल, भगवती न्यौपाने र भैरसुन्दर श्रेष्ठले विधेयकका केही बुँदामा लिखित रुपमा फरक मत राख्नुभएको थियो । यस्तै सांसद डा खिमलाल देवकोटा र डा विमला राईले पनि विधेयकका सम्बन्धमा आआफ्नो लिखित अवधारणा प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा गृहमन्त्री बालकृष्ण खाणले प्रस्तुत विधेयक परिमार्जन, संशोधन तथा राष्ट्रपतिबाट उठाइएका विषय सम्बोधन गर्ने कुरा अहिले समयाभावले सान्दर्भिक नरहेको बताउनुभयो । उहाँले विधेयक अगाडि बढाउन ढिलाइ हुँदा नागरिकता नपाएर प्रताडित बनेको नागरिक थप समस्यामा पर्ने बताउनुभयो । संसदीय अभ्यास र संवैधानिक व्यवस्थाअनुरुपनै सन्देशसहित सदनमा विधेयक फिर्ता भएको उल्लेख गर्दै उहाँले सन्देशलाई गम्भीरतापूर्वक लिएर आगामी दिनमा व्यवस्थापनको पाटोमा ध्यान पुऱ्याइने बताउनुभयो । "विधेयकले नागरिकतासम्बन्धी सम्पूर्ण मुद्दालाई सम्बोधन गर्छ । नेपाली नागरिकलाई एकताको सूत्रमा बाँध्छ", उहाँले भन्नुभयो, "नागरिकता लिने क्रममा गर्नुपर्ने स्वघोषणाले आमाको स्वाभिमान, सम्मान र प्रतिष्ठामा कुनै आँच आउने छैन ।" जन्मसिद्धका आधारमा नागरिकता प्राप्त गर्नेको सङ्ख्या हालसम्म एक लाख ९० हजार ७२६ रहेको र उनीहरुका सन्तति गैरनागरिकका रुपमा रहेकाले त्यस्ता व्यक्तिलाई नागरिकता प्रदान गर्ने विधेयकको उद्देश्य छ । विधेयकको पक्षमा समिति सदस्यहरु जितेन्द्रनारायण देव, प्रकाश पन्थ, प्रमिला कुमारी, डा बेदुराम भुसाल, गङ्गा बेल्बासे, उदयबहादुर बोहरा, राधेश्याम पासवान र सुरेश आले मगरले समर्थन गर्नुभएको थियो । विसं २०७२ को संविधान जारी हुनु अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु आमा दुवै नेपाली नागरिक भएको अवस्थामा नागरिकता प्राप्त गर्ने सन्दर्भमा सरकारद्वारा प्रस्तुत उक्त विधेयकमा स्वघोषणा, वैवाहिक अङ्गीकृतलगायतका बारेमा दलहरुबीच केही फरक धारणा रहेको छ ।

## निलम्बित प्रधानन्यायाधीश बयान सुरु

**रासस**
**काठमाडौं, १५ भदौ**

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले महाभियोग सिफारिस समितिको बैठकमा बुधबार उपस्थित भएर बयान दिनुभएको छ । बयानको पहिलो दिनमा चार प्रश्नमा मात्र छलफल भएको छ भोलि बिहीबार पुनः११ बजे बयान हुने तय भएको छ ।

बयानपछि सांसद लालबाबु पण्डितले बयानको प्रारम्भ भएको र राणामाथि लागेको आरोपका विषयबाट बयान प्रारम्भ गरिएको जानकारी दिनुभयो । "उहाँमाथि लागेका आरोपका विषयबाट बयान सुरुआत भयो", उहाँले भन्नुभयो, "प्रश्न, प्रतिप्रश्न आज चारघण्टाजति छलफल भयो, खासगरी न्यायापालिकामा हुने भ्रष्टाचार, समयमा न्यायनिरुपण नभएको, बिचौलियाको प्रयोग भएको जस्ता विषयमा प्रश्न गरिएको थियो ।" निलम्बित प्रधानन्यायाधीश राणाका लागि बयान लिन समितिले ४३ वटा प्रश्न तयार तयार गरेको छ । आज चार वटा प्रश्नमाथि मात्र छलफल भएको छ । बयानपछि समितिमा सांसद मीन विश्वकर्माले पनि बयान प्रारम्भ भएको र त्यसको निष्कर्ष आउन समय लाग्ने जानकारी दिँदै निलम्बित प्रधानन्यायाधीश जबराले आफू दोषी नभएको तर सबैले आफूमाथि एक पक्षीयरुपमा आरोप लगाएको बयान दिनुभएको बताउनुभयो । छ महिनाभन्दा बढीदेखि निलम्बनको अवस्थामा रहनुभएका राणाको महाअभियोग प्रमाणित हुने वा नहुने विषयले तीन महिनामै निष्कर्ष आउनुपर्ने भए पनि लामो समयपछि समितिमा छलफल प्रारम्भ भएको छ । उक्त समितिको यही भदौ ८ गते बसेको बैठकले उहाँलाई बयानका लागि बोलाउने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार राणा आज बयानका लागि समितिमा उपस्थित हुनुभएको हो । राणाविरुद्ध गत फागुन १ मा प्रतिनिधिसभाका ९८ सांसदले महाभियोग प्रस्ताव दर्ता गर्नुभएको थियो । संसद्ले महाभियोग सिफारिस समिति गठन गरे पनि यहीँ भदौ १ गते पहिलो बैठक बसेको थियो ।

राणाविरुद्ध नेपाल बार एसोसिएसन र सर्वोच्च बार एसोसिएसनले महाअभियोग पुष्टि गर्न ३४ बुँदे पत्र समितिलाई बुझाएको थियो । उक्त पत्रमा महाअभियोग लगाउने आधार र कारणसमेत समेटिएको छ । समितिले निलम्बनमा पर्नुभएका प्रधानन्यायाधीशलाई प्रश्न सोध्ने र राणाले प्रश्नको जवाफ दिनेक्रम बिहीबार पनि हुनेछ । आज बैठकमा निलम्बित प्रधानन्यायाधीश राणा १०:४५ बजे नै ११ बजेको बयानका लागि सिंहदरबार पुग्नुभएको तर बैठक कसरी अघि बढाउने भन्ने विषयमा समितिमा छलफल गर्दा करिब एक घण्टा ढिला बयान प्रारम्भ भएको थियो ।

## यसअघिको अध्यादेशकै व्यवस्थाअनुसार नागरिकता विधेयक प्रस्तुत

**रासस**
**काठमाडौं, १५ भदौ**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारद्वारा प्रस्तुत 'नेपाल नागरिकता ऐन, २०६३ संशोधन गर्न बनेको विधेयक'लाई लिएर अनावश्यक राजनीतिकरण गरिनु दुःखद् भएको बताउनुभएको छ ।

नागरिकता विधेयकका सम्बन्धमा बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीसँग भएको छलफलमा उहाँले जन्मसिद्ध नागरिकका सन्तति राज्यविहीन बन्ने अवस्था अन्त्य गर्न विधेयक ल्याइएको प्रष्ट पार्नुभयो । "तत्काल जन्मसिद्ध नागरिकका सन्तति राज्यविहीन बन्ने अवस्था अन्त्य गर्नका लागि यो विधेयक ल्याइएको हो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पेश गरी राष्ट्रपति (तपाईं) द्वारा प्रमाणीकरण गरिएको अध्यादेशको व्यवस्थाअनुसार नै विधेयक आएको छ, यसलाई अनावश्यक राजनीतिकरण गरिनु दुःखद् छ", छलफलमा अध्यक्ष दाहाल भन्नुभएको थियो । वैवाहिक अङ्गीकृत नागरिकताका बारेमा राष्ट्रपतिको चासो र माओवादी पार्टीको धारणा समान रहेको र संसद्मा राष्ट्रिय सहमति बन्न नसक्दा अङ्गीकृत नागरिकताका बारेमा विधेयकमा कुनै नयाँ व्यवस्था नगरिएको उहाँको प्रष्टोक्ति थियो । "यसबारे हाम्रो धारणा संसद्मा रेकर्ड गराएका छौं । सरकारले पनि यसबारे राष्ट्रिय सहमति बनाएर विधेयक ल्याउने प्रतिबद्धता जनाएको छ", अध्यक्ष दाहालको भनाइ उद्धृत गर्दै उहाँको स्वकीय सचिव रमेश मल्लले भन्नुभयो । सङ्घीय संसद् को दुवै सदनबाट पारित नागरिकता विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएकामा राष्ट्रपतिबाट साउन २९ गते आठबुँदे सन्देशसहित प्रतिनिधिसभामा फिर्ता भएको थियो । उक्त विधेयक गत साउन ६ गते सङ्घीय संसद्का दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएको थियो । छलफलमा अध्यक्ष दाहालसहित वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष कृष्णबहादुर महरा, उपमहासचिव वर्षमान पुन र जनार्दन शर्मालगायत नेता सहभागी हुनुहुन्थ्यो ।

## पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयकप्रति आपत्ति

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ भदौ**

नेपाल भेटेरिनरी एशोसिएसनले पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक संशोधनका लागि पटक पटक राखेको जायज मागहरुलाई सम्बोधन नगरी विधेयक पारित गरिएकोप्रति आपत्ती जनाएको छ ।

श्रावण ३१ गते प्रतिनिधि सभामा धेरै सतापक्ष तथा प्रतिपक्ष दलका माननीयहरुले राखेका सुझावहरुलाई समेत बेवास्ता गरी विधेयक पारित गरेको जनाएको छ । एशोसिएसनका अध्यक्ष डा. केदार राज पाण्डे र सचिव डा राजेश कुमार चौधरीले बुधबार विज्ञप्ति प्रकाशित गरी पशु स्वास्थ्य जस्तो गम्भीर विषयमा विज्ञ र प्राविधिक बीच सामान्य भिन्नता समेत नदेखिने गरी विवादित विषयहरु संबोधन नगरी, परिभाषाहरुमा द्वैध अर्थ लाग्ने शब्दहरु राखी विधेयक पारित गरिएको भन्दै आपत्ती जनाइएको छ ।

विज्ञप्तिमा संघीयता लागु हुँदा हरेक पालिकामा पशु चिकित्सक, पशु विकास अधिकृत, वरिष्ठ पशु चिकित्सक वा वरिष्ठ पशु विकास अधिकृतको दरबन्दी भएका पालिकाहरुमा यथाशिघ्र उक्त पदका लागि योग्य कर्मचारीको माग खुलाउन ध्यानाकर्षण गराउँदै माग सम्बोधन नभएमा जुनसुकै कदम चाल्ने चेतावनी दिइएको छ ।

## गठबन्धनमा सन्तुलित ढङ्गबाट सिट बाँडफाँट गर्नुपर्छ : अध्यक्ष नेपाल

**रासस**
**काठमाडौं, १५ भदौ**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा संविधान रक्षाका लागि विगतमा आफूहरूले राष्ट्रिय राजनीतिमा निर्वाह गरेको भूमिकाको अवमूल्यन गर्न खोजिए त्यो स्वीकार्य नहुने बताउनुभएको छ ।

युवा सङ्घ नेपालले आजदेखि आयोजना गरेको मेची-महाकाली जागरण अभियानको शुभारम्भ कार्यक्रममा अध्यक्ष नेपालले गठबन्धनमा आफूहरूलाई अपमान गर्न खोजिएको भन्दै फाइदा नहुने गठबन्धन गरेर आफ्नो पार्टी कसैका लागि भऱ्याङ मात्र नहुने बताउनुभयो । आगामी निर्वाचनमा पाँच दलीय गठबन्धनले सन्तुलित तथा न्यायोचित ढङ्गबाट सिट बाँडफाँट गर्नुपर्ने उहाँको भनाइ थियो । पूर्वप्रधानमन्त्रीसमेतरहनुभएका अध्यक्ष नेपालले गाउँगाउँमा मतदाता शिक्षा दिनुपर्नेमा जोड दिँदै मतदातालाई शिक्षित बनाउन नसक्दा स्थानीय तह निर्वाचनमा आफूहरूले लाखौं मत गुमाएको बताउनुभयो । आफ्ना पार्टीका नेता तथा कार्यकर्तालाई आ-आफ्नो जिल्लाको निर्वाचन क्षेत्रमा जान निर्देशन दिँदै उहाँले भन्नुभयो, "यो काठमाडौँमा पर्लेटी कसेर बस्ने काम नगर्नुहोस्, आ-आफ्नो जिल्ला जानुहोस्, आ-आफ्नो निर्वाचन क्षेत्रमा जानुहोस् । निर्वाचन लक्षित कार्यक्रम गर्नुहोस् ।" प्रत्येक निर्वाचन क्षेत्रमा एकीकृत समाजवादीको प्रत्यक्ष उम्मेदवार नभए पनि समानुपातिकमा पार्टीका पक्षमा मतदातालाई आकर्षित गर्नुपर्ने उहाँको भनाइ थियो । युवा सङ्घ नेपालले संविधान र लोकतन्त्रको रक्षा गर्दै स्थायित्व, विकास र अग्रगमनको आशा जगाउन, जनतामा सकारात्मक सन्देश प्रवाह गर्न आजदेखि भदौ २३ गतेसम्म मेची-महाकाली अभियान सुरु गरेको छ । युवा पलायनलाई रोक्न, राजनीतिप्रति उत्साह बढाउनका साथै भ्रष्टाचार विरुद्ध गतिविधि सञ्चालन गर्ने र समाजवादी यात्रामा आम जनसमुदायलाई एकताबद्ध हुन प्रेरित गर्ने सन्देश प्रवाहका लागि अभियान सञ्चालन गरिएको जनाइएको छ । अध्यक्ष नेपालले अभियानका प्रतिनिधिलाई युवा सङ्घको झण्डा हस्तान्तरण गरी अभियानको प्रारम्भ गर्नुभएको हो ।

## नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत कास्कीबाट ६ सय ७३ जना खेलाडी सहित प्रशिक्षक, व्यवस्थापक छनौट

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ भदौ**


नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत कास्कीबाट ६ सय ७३ जना खेलाडी सहित प्रशिक्षक, व्यवस्थापक छनौट भएका छन् ।



बुधबार कास्की जिल्ला खेलकुद विकास समितिले एक समारोहका बिच छनौट भएका खेलाडीहरुलाई बधाई तथा शुभकामना व्यक्त गरेको समितिका अध्यक्ष तोरण बहादुर बानियाले बताए । समितिका अध्यक्ष बानिया, पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी, समिति कास्कीका कार्यालय प्रमुख प्रकाश बराल, नेपाल पत्रकार महासंघ कास्कीका सचिब माधव बराल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतले छनौट भएका खेलाडीहरुलाई प्रमाणपत्र सहित पोशाक वितरण गरेका थिए ।

कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङले खेलाडीहरुलाई खेल सामाग्रि समयमै उपलब्ध गराउन माग गरे ।

खेलाडीहरु बिच भातृत्व, मित्रवत भावनाको विकास गराउने उद्देश्यले उक्त कार्यक्रम गरिएको अध्यक्ष बानियाले जनाए । कास्कीमा १ हजार १ सय १८ जना खेलाडीहरुबाट उक्त खेलाडीहरु छनौट भएको समितिका कोषाध्यक्ष कन्चन थापाले बताइन् ।

# अरण्यज्योतिमा निबन्ध प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं

पन्ध्रौं पुस्तकालयको दिवस पोखरा महानगरपालिका वडा नं १३ स्थित अरण्यज्योति पुस्तकालयले बुधवार नेपाली निवन्ध प्रतियोगिता आयोजना गरि मनाएको छ।

विस. २००९ सालमा स्थापित पुस्तकालयले हरेक वर्ष पुस्तकालय दिवसमा अतिरिक्त क्रियाकलाप गर्दै आएको छ। वडा नं १३ का वडा अध्यक्ष किरण वरालले निबन्ध गप्रितियोगिताको तीनवटा शिर्षकमध्ये एक शिर्षक 'पुस्तकालय हिजो, आज र भोलि' गोलाप्रथाबाट छनौट गरि कार्यक्रमको उद्घाटन गरेको थिए। वडा अध्यक्ष वरालले आँफुले सानो छँदा देखि नै यस पुस्तकालयको चर्चा परिचर्चा सुनेको भन्दै आज औपचारिक रुपमा जोडिन पाउँदा साच्चै नै गर्व महशुस भएको बताए। पुस्तकालयलाई विगतमा जस्तै वडाबाट प्राप्त सहयोग आगमी दिनमा पनि अविछिन्न रुपमा रहिरहने भने। वडा १३ का वडा सदस्य सुचित




तामाङले आँफु दुइ छोराको मात्र आमा नभै वडामा रहेको हरेक छोरा छोरीको आमा भएको भनिन्। छोरा छोरीमा आइपरेका हरेक समस्या मलाइ आमा भनेर राखेमा सम्बन्धित निकाएमा पुराएर समाधानको लागि हरपहल सहयोग गर्न तयार रहेको वडा सदस्य तामाङले भनिन्। अरण्यज्योति पुस्तकालयका अध्यक्ष यदुराज पगेनीले कार्यक्रममा स्वागत गर्दै पुस्तकालयको विगत र वर्तमानमा देखीएको विषय जानकारी गराए। आँफु पुस्तकालयमा आवद्ध भएपछिका दिनवाट आइपरेको आरोह अवरोहको वारेमा चर्चा गर्दै ज्ञान प्राप्तिका लागि सवैभन्दा महत्वपुर्ण माध्यम पुस्तक अध्ययन भएको अध्यक्ष पगेनीको दावी छ। वडा नं १३ स्थित निजी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको निवन्ध प्रतियोगिता सहभागिता रहेको थियो। वडा नं १३ का वडा सदस्य सुचित तामाङले पेन र कापी दिएर सुरु गरिएको प्रतियोगितामा पुस्तकालयका सह सचिव धर्मराज पौडेलले कविता वाचन गरेको कार्यक्रममा सचिव किशन भण्डारीले संचालन गरेका थिए।

# पुस्तकालयको प्रयोगले मानिसमा सकारात्मक प्रभाव–पराजुली

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माध्यमिक विद्यालयमा पन्ध्रौं पुस्तकालय दिवसका अवसरमा बुधबार विचार गोष्ठी सम्पन्न भयो।

मार्टिन चौतारी अन्तर्गत मिडिया लाइब्रेरीका संस्थापक तथा पोखरा वाचनालयका निवर्तमान अध्यक्ष शेखर पराजुली प्रमुख वक्ता रहेको उक्त कार्यक्रममा विभिन्न वक्ताहरूले पुस्तकालयको इतिहास केलाउने देखि पुस्तकालयको महत्वका बारे परिचर्चा गरेका थिए। प्रमुख वक्ता पराजुलीले नेपालमा पुस्तकालय स्थापनाका लागि भएका विभिन्न अभ्यासको सन्दर्भ उल्लेख गर्दै वि.स. १९९७ मा तत्कालीन सचेत व्यक्तिहरूले पठन संस्कृतिको विकास गर्ने उद्देश्यले पुस्तकालयको स्थापना भएको भने। स्थापना गर्दा राणा शासकहरूले गाथ र गद्दी ताकेको आरोपमा लक्ष्मीप्रसाद देवकोटा, सिध्दिचरण श्रेष्ठ लगायतका व्यक्तिहरूलाई नगद जरिवाना सहित जेल सजाय दिइएको सन्दर्भ पराजुलीले स्मरण गरे। पराजुलीले पुस्तकालयको प्रयोगले मानिसमा पार्ने सकारात्मक प्रभावको चर्चा गर्दै यसले मानिसलाई जिज्ञासु, तर्कशील तथा कल्पनाशील




बनाउने धारणा राखे। जङ्क फुडले मानिसलाई आकर्षित गरे पनि स्वास्थ्यलाई वेफाइदा गरे जस्तै रङ्गीन चित्र र भिडियोले बालबालिकालाई आकर्षित गर्छ तर त्यसले उनीहरूलाई झगडालु बनाउने गरेको पराजुलीले जानकारी गराए। तनाव व्यवस्थापन गर्दै विद्यार्थीलाई सिर्जनशील बनाउन पुस्तकालय अपरिहार्य भएको पुराजुलीले भने। उनले अध्ययन तथा अनुसन्धानकर्ताका लागि पुस्तकालय पवित्र तीर्थस्थल भएको धारणा राखे।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकबहादुर कार्कीले पुस्तकालयको महत्वको चर्चा गर्दै आफूहरूले विद्यालयमा पुस्तकालय स्थापना गरी कर्मचारी समेतको व्यवस्थापन गरेको कुरा व्यक्त गरे। अध्यक्ष कार्कीले कुँडहर क्षेत्रका सचेत तथा शिक्षित व्यक्तिले वि. स. २००८ मा भद्रकाली माध्यमिक विद्यालय र वि. स. २००९ मा अरण्यज्योति पुस्तकालयको स्थापना गरेको कुरा स्मरण गरे। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक राजेन्द्र भण्डारीले स्वागत मन्तव्य राख्दै आफूले विद्यालयमा पठन संस्कृतिको विकासका लागि हर सम्भव प्रयास गर्ने धारणा राखे। विद्यालयका सहायक प्रधानाध्यापक लोकचन्द्र खनाल र विहानी सत्र संयोजक उपेन्द्र सुवेदीले पनि पुस्तकालयको महत्व र विद्यार्थीमा पठन संस्कृतिको विकासमा जोड दिए। विचार गोष्ठीमा सहभागी विद्यार्थीका तर्फबाट कक्षा ८ मा अध्ययनरत छात्रा नुर्जा खातुनले आजको कार्यक्रमले आफूहरूलाई पुस्तकालयमा गएर अध्ययन गर्नका लागि प्रेरणा मिलेको धारणा राखिन्। विद्यालयका सह क्रियाकलाप संयोजक कुशल लामिछानेको संयोजनमा भएको कार्यक्रम उनै लामिछानेले संचालन गरेका थिए।

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशबाट सबै भन्दा धेरै कास्की र थोरै मनाङबाट खेलाडी सहभागी हुने

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा गण्डकी प्रदेशबाट सबै भन्दा धेरै कास्की र सवै भन्दा थोरै मनाङबाट खेलाडीहरु सहभागि हुने भएका छन्। कास्कीबाट ३५ खेलमा ६ सयउ ७३ जना खेलाडी, प्रशिक्षक र व्यबस्थापक सहभागि हुने हुदा मनाङबाट भने ५ खेलको लागि ४६ जना मात्र सहभागि हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो।

३६ वटा खेल सहित २ प्रर्दशनी खेल गरी ३८ खेलमा खेलाडी, प्रशिक्षक र व्यबस्थापक गरी प्रदेशमा ३ हजार २ सय २३ जना सहभागि हुने भएको गण्डकी खेलकुद परिषदका सदस्य सचिब तेज बहादुर गुरुङले बताए। गण्डकी प्रदेशमा असोज २८ गते देखि कार्तिक ३ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा ४ सय ४ वटा इभेण्टमा ४ सय ११ जना पुरुष र २ सय ९८ जना महिला खेलाडीहरु सहभागि हुने भएको उनले जनाए।

त्यसै गरी मुस्ताङबाट १३ खेलमा सहभागि हुने भएका छन भने १ सय ६६ जना खेलाडी, प्रशिक्षक र व्यबस्थापक सहभागि हुने भएको परिषदले जनाएको छ। त्यसै गरी म्याग्दीबाट १५ खेलमा २ सय ८३, बागलुङबाट १९ खेलमा ३ सय ६१, पर्वतबाट १४ खेलमा २ सय २३, स्याङजाबाट २३ खेलका ३ सय ४७, तनहुँबाट १७ खेलमा ३ सय ३, लमजुङबाट १२ खेला २ सय १३, गोर्खाबाट १६ खेलमा २ सय ३० जना र नवलपुरबाट २३ खेलमा ३ सय ७८ जना खेलाडी, प्रशिक्षक र व्यबस्थापक सहभागि हुने भएको परिषदले जनाएको छ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगत यही भदौ १६ (विहबार)बाट गण्डकी प्रदेशस्तरिय प्रतियोगिताको सुरुवात हुने भएको सदस्य सचिब गुरुङले बताए। विहिबार पोखरा रंगशालामा आयोजना हुने प्रदेशस्तरिय प्रतियोगिताको औपचारिक रुपमा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको




उनले जनाए। कार्यक्रममा ११ वटै जिल्लाका खेलाडी, प्रशिक्षक, व्यवस्थापक र खेल पदाधिकारीहरु, गाजा बाजासहितको सांस्कृतिक झाँकी, मार्च पास समेत गरीने भएको सदस्य सचिव गुरुङले बताए।

परिषदले प्रदेश स्तरीय खेलाडी छनौट तथा वन्द प्रशिक्षण सहित आन्तरिक तयारी सहित ७ करोड ८५ लाख खर्च हुने लक्ष्य राखिएको यद्यपी अझै साँढे ३ करोड अपुग हुने सदस्य सचिब गुरुङले गुनासो गरे। हालसम्म राष्ट्रिय खेलकुद परिषदबाट ४९ लाख, प्रदेश सरकारबाट ३ करोड ४६ लाख प्राप्त भएको उनले जनाए। आव २०७९/०८० का राष्ट्रिय प्रतियोगिताका लागि विनियोजित १ करोड, विभिन्न प्रतियोगिताका लागि विनियोजित १ करोड ३० लाख बाट खर्च गरिने भएको परिषदले जनाएको छ। प्रदेशस्तरिय प्रतियोगितामा विजेता खेलाडीहरुलाई पदक, प्रमाणपत्र र ट्रफी प्रदान गरिनेछ भने समग्र प्रतियोगिताको खेलको आधारमा स्वर्ण, रजत र कास्यको परिणामलाई मुल्याङ्कन गरी जिल्लालाई प्रथम, द्वितिय र तृतिय घोषणा गरी च्याम्पियन ट्रफी प्रदान गरिने परिषदले जनाएको छ।

प्रदेश प्रतियोगिताबाट छनोट हुन सफल खेलाडीहरुलाई असोज १ गते देखि असोज २६ गते सम्म बन्द प्रशिक्षणमा राखिने लक्ष्य राखिएको सदस्य सचिव गुरुङले बताए। खेलाडीहरुको प्रदर्शनलाई उत्कृष्ट बनाउन करिव ६ खेलका (भलिवल, बास्केटबल, कराते, आइटिएफ तेक्वान्दो, फुल कन्ट्याक्ट कराते र तेक्वान्दो) करिव १ सय जना खेलाडीहरुलाई मनाङ जिल्लामा (हाई अल्टिच्यूड प्रशिक्षण) असोज १ गतेबाट १५ दिनका लागि प्रशिक्षण दिने तयारी समेत गरिएको उनले जनाए।

पहिलो पटक प्रदेश खेलकुद परिषदले पोखरामा रहेका निजी अस्पतालहरुको छाता संस्था अफिन, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, गण्डकी मेडिकल कलेज, मनिपाल शिक्षण अस्पताल संग समन्वय गरी विभिन्न अस्पताल र नर्सिङ होमहरुमा ११ वटै जिल्लाका खेलाडीहरुलाई आज बाटनै प्रि मेडिकल परिक्षण गर्ने व्यवस्था गरिएको परिषदले जनाएको छ। सोही प्रयोजनका लागि प्रा.डा.वुद्धी बहादुर थापाको संयोजकत्वमा प्रा.डा. भरत बहादुर खत्री र डा.आशिष त्रिपाठी सदस्य रहने गरी तिन सदस्यिय मेडिकल वोर्ड गठन गरेको परिषदले जनाएको छ। उक्त प्रतियोगितालाई उत्कृष्ट र नमुना प्रतियोगिता बनाउन सबैको साथ र सहयोग आवश्यक भएको परिषदक उपाध्यक्ष धोजकुमार गुरुङले बताए।

पत्रकार सम्मेलनमा बोल्दै गण्डकी प्रदेश सरकारका यूवा तथा खेलकुद मन्त्री राजिव गुरुङले साँढे ३ करोडको बजेट व्यबस्था नभएमा यही भदौं १९ गते देखि प्रदेशको प्रशिक्षण प्रभावित हुने बताए। पोखरा जस्तो महङगो शहरमा बजेटको ब्यबस्था बिना आफुले विभिन्न आर्थिक भारहुने कुनै पनि कार्यक्रम यही भदौं १९ गते देखि गर्न नसक्ने अबस्थामा पुगेको मन्त्री गुरुङले बताए। नवौं खेलकुदमा बिषेश अनुगम गर्न विभिन्न पार्टी निकटका युवा देखि सबैलाई मिलायर टोली गठन गरेको उनले बताए। संघिय सरकारले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि छुट्टाएको ६० करोड कहाँ गयो भन्दै प्रति प्रश्न गरेका मन्त्री गुरुङले अझै पनि केन्द्रबाद हाबी भएको गुनासो गरे। राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्नु आफुहरुलाई फसाउँन सक्ने उनले आशंका व्यक्त गरे। मन्त्री गुरुङले प्रदेशस्तरिय प्रतियोगिता र नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको अनुगमन गर्न पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दिपक बहादुर गोदारको संयोजकत्वमा एक अनुगमन समिति गठन गरेको घोषणा समेत गरेका छन्। उक्त अनुगमन समितिमा ओम बस्नेत, लक्ष्मण कुँवर, प्रियङ्का वर्मा, शिद्धान्त अधिकारी, मइन बहादुर गर्वुजा, सुजन आचार्य, धन बस्नेत र रामराज अधिकारी रहेका छन्। मन्त्री गुरुङले उक्त अनुगमन समितिले खेलाडीको बसोवासको व्यवस्थापन लगायत खर्चको अनुगमन गर्ने बताए। मन्त्री गुरुङले प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री र भौतिक मन्त्रीको आलोचन समेत गरे।

यसैबिच बुधबार कास्की जिल्ला खेलकुद विकास समितिले एक समारोहका बिच खेलाडीहरुलाई बधाई तथा शुभकामना दिएको छ। समितिका अध्यक्ष तोरण बहादुर बानिया, पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी, समिति कास्कीका कार्यालय प्रमुख प्रकाश बराल, नेपाल पत्रकार महासंघ कास्कीका सचिब माधव बराल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतले छनौट भएका खेलाडीलाई प्रमाणपत्र सहित खेल पोशाक वितरण गरेका थिए।

कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङले खेलाडीहरुलाई खेल सामाग्रि समयमै उपलब्ध गराउन माग गरे। खेलाडीहरु बिच भातृत्व, मित्रवत भावनाको विकास गराउने उद्धेश्यले उक्त कार्यक्रम गरिएको अध्यक्ष बानियाले जनाए। कास्कीमा १ हजार १ सय १८ जना खेलाडीहरुबाट उत्तः खेलाडीहरुछनौट भएको समितिका कोषाध्यक्ष कन्चन थापाले बताइन्।

# टि-ट्वान्टी वरीयतामा नेपाल एक स्थान तल झर्‍यो

रासस
काठमाडौं, १५ भदौं

टि-ट्वान्टी अन्तरराष्टिय क्रिकेट वरीयतामा नेपाल एक स्थान तल झरेको छ।


अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) ले बुधबार सार्वजनिक गरेको नयाँ बरियताअनुसार नेपाल एक स्थान तल झर्दै १६ औं स्थानमा पुगेको हो। यसअघि नेपाल १५ औं स्थानमा रहेको थियो। एकदिवसीय वरीयतामा भने नेपाल १९ औं स्थानमा रहेको छ।

केन्या विरुद्धको पाँच खेलको टि-ट्वान्टी सिरिजको उपाधि जितेता भए पनि नेपालको वरीयता भने खस्कियो। मङ्गलबार सम्पन्न उक्त सिरिज नेपालले ३-२ ले आफ्नो पक्षमा पारेको थियो। अब नेपालले केन्याविरुद्ध तीन एक दिवसीय सिरिज खेल्नेछ। उक्त खेल यही भदौ १७ गतेदेखि सुरु हुनेछ।

टी-ट्वान्टीको नयाँ वरीयतामा भारत शीर्ष स्थानमा रहेको छ भने इंग्ल्यान्ड दोस्रो तथा पाकिस्तान तेस्रो स्थानमा रहेको छ। यसैगरी दक्षिण अफ्रीका चौंथो, न्युजिल्याण्ड पाँचौं, अष्ट्रेलिया छैटौं, वेस्ट इन्डिज सातौं, श्रीलङ्का आठौं, बंगलादेश नवौं र अफगानिस्तान दशौं स्थानमा रहेका छन्।

स्पार्क बि एण्ड डि हस्पिटल १८ वर्ष पुगेको अवसरमा
काठमाडौंबाट आउनुभएका अनुभवी विज्ञ डाक्टरहरु समेतबाट परीक्षण
बृहत निःशुल्क स्वास्थ्य शिविर
हाड जोर्नी, नशा, प्यारालाइसिस, हड्डी खिइएको ढाडमा नशा च्यापिएको तथा बाथरोग सम्बन्धी परीक्षण तथा उपचार
परीक्षण तथा उपचार गरिने रोगहरु
परीक्षण गर्ने समय
२०७९ भाद्र १८ गते शनिबार बिहान ८ बजेबाट ३ बजेसम्म।
☞ उमेर, काम तथा मोटोपनका कारण ढाडमा नशा च्यापिएको, ढाड दुख्ने, खुट्टा दुख्ने।
☞ प्रेसरले हानेर प्यारालाइसिस भएका, शरीरको एक हर नचल्ने भएका।
☞ उमेरका कारणले घुँडाको हड्डी खिइएका, बाथरोग भएका बिरामीहरुको निःशुल्क परीक्षण तथा उपचार गरिने भएकोले तुरुन्त सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
निःशुल्क सुगर तथा युरिक एसिड परीक्षण
निःशुल्क औषधी वितरण
पुनश्चः फोनबाट पनि नाम दर्ता गर्न सकिने छ।
सम्पर्क :
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
सभागृहचोक न्यूरोड पोखरा फोन नं. ०६१-५७१४०८, ९८६६४१५३८०, ९८५६०२६७५०
सभागृहचोक मिडटाउनबाट पछाडि एनआइसी बैंक तथा जिसी बिजुली पसल भएको भवनबाट २०० मिटर भित्र

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# व्यवसायीको समस्या हल गर्ने योजनासहित घरदैलोमा पवज प्रजापति प्यानल

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ भदौ**

पोखरा उद्योग वाणिज्य संघको आसन्न ३४ औं महाधिवेशनलाई लक्षित गर्दै अध्यक्षका दाबेदार पवन प्रजापति र उनको समूह यतिबेला व्यवसायीहरुको घरदैलोमा आफ्नो पक्षमा मत मागिरहेको छ। बुधबार प्रजापतिसहितको टोली पोखराको नयाँबजारका व्यवसायीहरुसमक्ष पुग्यो। पोखरा उद्योग वाणिज्य संघको नेतृत्वमा आएर व्यवसायीहरुको हकहितको पक्षमा उनीहरुको समस्या समाधान गर्ने गरि काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रजापति प्यानलले आफ्नो पक्षमा भोट मागिरहेको छ।

अध्यक्ष प्रत्यासी पवन प्रजापतिले लामो समयको लकडाउनका कारण व्यवसायीहरु यतिबेला सबैभन्दा बढि समस्यामा रहेको बताउँदै संस्थागत रुपमा आफू नेतृत्वमा पुगेपछि ती व्यवसायीहरुको समस्यालाई सहजीकरण गर्ने आफ्नो पहिलो प्राथमिकता भएको बताए। अहिले हामी सबैभन्दा ठुलो चुनौतीका बीच संघको नेतृत्वमा आउनका लागि व्यवसायीहरुको माझमा पुगिरहेका छौं। उनले भने व्यवसायिक र आर्थिक हिसाबले सबै व्यवसायीहरु ठुलो समस्यामा छन्। म निर्वाचित भएसँगै व्यवसायीहरुलाई सहज



बनाउनका लागि वित्तिय क्षेत्रसँग समन्वय गरि संघको तर्फबाट काम गर्नका लागि तम्तयार छु। प्रजापतिले आफुसँगै आफ्नो समूह व्यवसायीहरुलाई तत्काल समस्याबाट बाहिर निकाल्नेगरि योजनाबद्ध रुपमा अगाडि आएको प्रस्ट पारे।

आफ्नो पक्षमा मत माग्दै व्यवसायीको घरदैलोमा पुगिरहेका प्रजापति र उनको समूहलाई अधिकांश व्यवसायीहरुले आफ्ना समस्याहरु सुनाईरहेका छन्। अधिकांश व्यवसायीहरु लकडाउनको मारपछि वित्तिय संस्थाहरुबाट बढि पेलिएको गुनासो गरिरहेका छन्। व्यापार व्यवसायमा आएको गिरावटसँगै बजारमा भएको मूल्यवृद्धि र वित्तिय संस्थाहरुबाट आउने दबाबले यतिबेला व्यवसायीहरु आजित छन्। अधिकांश व्यवसायीहरुले

यी र यस्ता समस्याहरुको हल नीतिगत तहबाटै संघको पहलमा होस् भन्ने चाहन्छन्। र, प्रजापति समूह पनि व्यवसायीहरुको यस्तै मिहिन समस्याहरुलाई समाधान गर्न नीतिगत रुपमा लाग्ने उद्घोषसहित चुनावी मैदानमा देखिएको छ। बुधबार घरदैलोको क्रममा भेटिएका नेपाल औषधी थोक व्यवसायी संघ गण्डकीका अध्यक्ष रुद्रनारायण मल्लले प्रजापति प्यानलका उम्मेदवारहरुलाई प्रत्येक व्यवसायीहरुलाई प्रत्यक्ष रुपमा सहज हुने वातावरण निर्माण गर्ने गरि योजनाबद्ध रुपमा संघमा आउन सुझाव दिए। उनले साना देखि ठुला उद्योगी व्यवसायीहरु यतिबेला समस्यामा रहेको उल्लेख गर्दै यो बेलामा नेतृत्वमा आउने व्यक्तिले यी समस्याहरुलाई नजरअन्दाज गर्न नमिल्ने बताए। साथै उनले प्रजापतिसहित उनको प्यानललाई जितको शुभकामना समेत दिए। त्यस्ते अधिकृत विक्रेता संघ पोखराका अध्यक्ष अनिल श्रेष्ठले अहिल्ला नेतृत्वको तुलनामा अब आउने नेतृत्वले पोखरा उद्योग वाणिज्य संघमा अझै धेरै काम गर्नुपर्ने बेला भएको बताए। अधिकृत विक्रेता संघकै महासचिव रविकुमार सापकोटाले पनि बजार अहिले आर्थिक रुपमा समस्याग्रस्त भएको बेलामा संघले संस्थागत रुपमा व्यवसायी र उद्योगीको हितमा काम गर्ने ठुलो चुनौती रहेको बताए। उनले प्रजापतिको नेतृत्वले व्यवसायी र उद्योगीको समस्या बुझ्ने आफ्नो अपेक्षा रहेको बताए। भदौ २४ र २५ गते हुने आसन्न पोखरा उद्योग वाणिज्य संघको महाधिवेसनका लागि पवन प्रजापति प्यानलतर्फ वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग तर्फ हिरामणी पण्डित, उपाध्यक्ष वाणिज्यतर्फ उत्तममान बुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोला र उपमहासचिवमा शोभा गौतमले उम्मेदवारी दिएका छन्। त्यस्तै सदस्य पदका लागि प्रभा सुवेदी बालकृष्ण कोईराला, विनोद केसी, भीम गौतम, मनोजकुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानांग प्रत्यासी छन्।

# लामाचौर राष्ट्रिय भलिबल जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ भदौ**

२४ औं संस्करणको लामाचौर तीज महोत्सव-२०७९ अन्तरगत लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगितामा महिलातर्फको उपाधि नेपाल पुलिस क्लबले जितेको छ।

बुधबार भएको फाइनलमा न्यु डायमण्ड एकेडेमीलाई सोफो सेटमा पराजित गर्दै साविक विजेता पुलिसले उपाधि सहित १ लाख ५० हजार १११ पुरस्कार प्राप्त गरेको छ। उपविजेता न्यु डायमण्डले १ लाख १११ पायो। फाइनलमा पुलिसले २५-१५, २५-१४ र २५-८ ले जित आफ्नो पक्षमा पारेको हो। तेस्रो स्थानको लागि भएको खेलमा त्रिभुवन आर्मी क्लबले गण्डकी प्रदेशको टिमलाई सोफो सेटमा २५-१७, २५-१७ र २५-१५ मा हराउँदै तेस्रो स्थानको पुरस्कार ५० हजार १११ प्राप्त गरेको छ।

प्रतियोगितामा नेपाल पुलिसकी उषा भण्डारी सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट प्रशिक्षक पुलिसकै रुपेष बिट घोषित हुँदै जनही ५ हजार पुरस्कार प्राप्त गरेका छन्। यसैगरी, विधागततर्फकै अन्य पुरस्कारमा उत्कृष्ट सेटर न्यु डायमण्डकी प्रगती नाथ, उत्कृष्ट ब्लकर




आर्मीकी सोफिया पुन, उत्कृष्ट सर्भर डायमण्डकी सलिना बुढा मगर, उत्कृष्ट स्पाइकर पुलिसकी कामना बिस्ट, उत्कृष्ट लिब्रो न्यु डायमण्डकी सलिना श्रेष्ठ घोषित भए। उनीहरुले ट्रफी र प्रमाणपत्र पुरस्कार प्राप्त गरेको प्रतियोगिता संयोजक सुशीलकुमार श्रेष्ठले जानकारी दिए। विजयीलाई गण्डकी प्रदेश प्रहरी प्रमुख डिआईजी रामदत्त जोशी, नेपाल भलिबल संघका वरिष्ठ उपाध्यक्ष यामबहादुर गुरुङ, आयोजक नवआदर्श सामुदायिक विकास समाजका अध्यक्ष रेश्मा शेरचन अधिकारी, पूर्व अध्यक्षहरु संजयकुमार अधिकारी, नवीन भण्डारी, प्रतियोगिता समेत रहेका सुशीलकुमार श्रेष्ठ, युवा परिचालन कमिटी संयोजक शंकर केसी, पुरस्कार प्रायोजक रमेश कार्कीका प्रतिनिधी होम बहादुर थापा आदिले पुरस्कार वितरण गरेका हुन्। यसैगरी बुधबार पुरुषतर्फको राष्ट्रिय भलिबल प्रतियोगितामा नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेको छ। दोस्रो सेमिफाइनलमा पुलिसले त्रिभुवन आर्मी क्लबको टिमलाई ३-१ सेटमा हराउँदै जित आफ्नो पक्षमा पारेको हो। खेलमा २६-२४, २५-१९, १८-२५ र २५-१९ ले हराउँदै गण्डकी प्रदेशको टिमसँग भेट सुनिश्चित गरेको हो। बिहीबार पुरुषतर्फको फाइनल खेल बिहान १० बजे पुलिस र आर्मीबीच हुनेछ। त्यसअघि बिहान ८ बजे तेस्रो स्थानका लागि आर्मी र एपिएफबीच हुने भलिबलको राष्ट्रिय रेफ्री शान्ति गुरुङले जानकारी दिइन्।

विजेताले १ लाख ५० हजार १११ पुरस्कार प्राप्त गर्ने छन्। उपविजेताले १ लाख १११ र तेस्रो हुनेले ५० हजार १११, सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट विधामा आकर्षक पुरस्कार दिइने छ।

# 'गुँदेताल'संरक्षण अभावले लोप हुने अवस्थामा

**-ऋषिराम बराल**
**लेखनाथ, १५ भदौ**

सात तालको बाटिका सहर लेखनाथ, लेखनाथ सात तालले परिचित छ। यहाँका ताल संरक्षणमा पछिल्ला वर्ष सरकारी निकायबाट कुनै चासो दिइएको छैन।

पोखरा-२६ लेखनाथमा रहेको गुँदेताल संरक्षणको अभावमै छ। एक वर्षअघि स्थानीयवासी ताल संरक्षणमा जुटे पनि रकम अभावकै कारण पूर्णरुपमा संरक्षण हुनसकेको छैन। सरकारको तर्फबाट संरक्षणमा काम अगाडि बढाइएको छैन। कास्कीमा रहेका नौवटा तालमध्ये खास्टे, न्यूरेनी र गुँदेताल पोखरा-२६ मा पर्छन्। गुँदे वातावरण संरक्षण तथा मत्स्य सहकारीका अध्यक्ष ठाकुरप्रसाद ढुङ्गानाले सरकारी तहबाट चासो नदिँदा ताल संरक्षण हुन नसकेको गुनासो गर्नुभयो। अग्रज पुर्खाले बस्नका लागि गुन्द्री बुन्न प्रयोगमा आउने गुँद पाइने भएकाले परापूर्वकालदेखि नै उक्त तालको नाम गुँदे रहँदै आएको स्थानीय सुमन भट्टराईले जानकारी दिनुभयो।

तालवरपर घाँसेमैदान भएकाले यसलाई चराहरूको बासस्थानका रूपमा विकास गराउन उपयुक्त छ। तर पोखरा महानगरले चराको बासस्थानका रूपमा विकास गर्न कुनै चासो देखाउँदैन। अब सरकारको मुख ताक्नुभन्दा स्थानीयवासी नै ताल संरक्षणमा जुट्न थालेका स्थानीय बताउँछन्। गुँदेताल वातावरण तथा मत्स्य सहकारी र गुँदेताल संरक्षण समिति तालको संरक्षणमा जुटेका छन्। ताल संरक्षणअन्तर्गत पहिलो चरणमा तालले ओगटेको जग्गाको सीमाङ्कन गर्ने काम भएको छ। साथै वरपर फुटट्र्याक निर्माण गर्ने कार्य सकिएको छ भने तालमा माछाका भुरा छाड्ने कार्य पनि केही वर्षदेखि सुरु गरिएको छ। विश्व सम्पदामा रामसार सूचीमा सूचीकृत गुँदेतालको संरक्षण र विकासमा स्थानीय नै जुटेपछि वन कार्यालय र हरियो वन कार्यक्रमले समेत केही मात्रामा सहयोग प्रदान गर्न सुरु गरेको गुँदेताल संरक्षण समितिका अध्यक्ष ढुङ्गानाले बताउनुभयो। वातावरणीय प्रभाव र मानवीय अतिक्रमणका कारण सागुरिँदै गएको यो तालको क्षेत्रफल १२.३८ हेक्टर रहे पनि जलक्षेत्र भने न्यून मात्रामा रहेको छ। जसको गहिराइ औसतमा दुई मिटर र सीमसारको भाग धेरै रहेकाले यो तालमा प्रशस्त कमल देख्न पाइन्छ। हेमन्त ऋतु अर्थात् जाडो मौसममा हिमाली भेगका चराचुरुङ्गी जाडो छल्न र गर्मीमा तराई क्षेत्रका चरा गर्मी छल्न गुँदेतालमा आउने गरेकै गुँदेताललाई बर्डवाचिङ सेन्टर अर्थात् चरा हेर्ने ठाउँका रूपमा विकास गर्न सकिने जानकारी स्थानीय गणेश अधिकारीले दिनुभयो।

संरक्षण र आयआर्जनका रूपमा तालको विकास गर्ने उद्देश्यले केही वर्षदेखि स्थानीय सरोकारवाला सङ्गठितरूपमा ताल संरक्षणमा जुटेका र त्यो सदस्य सङ्ख्या एक सय ४५ पुगेका छन्। समितिमा रहेका सदस्य ताल संरक्षणका साथै माछा भुरा र चराको हेरचाहमा सक्रिय रहने छन्, ताल संरक्षणका नाममा पछिल्लो समय तालको जलाधार क्षेत्रभित्रै माटोले पुरेर ट्र्याक खोल्ने कामले यो ताल पनि मानवीय अतिक्रमणको चपेटामा परेको देखिन्छ। यसका लागि स्थानीय मौन बस्ने र सरकारी निकायबाट बेलैमा ध्यान नदिने हो भने तालको अस्तित्व नै लोप हुने र पछिका पुस्ताले यहाँ ताल थियो रे भन्ने इतिहास सुन्न नपरोस्।

पछिल्लो समय यहाँको रुपाताल र फेवातालमा बजेट विनियोजन गरिए पनि अन्य तालहरू संरक्षणको पर्खाइमा छन्। पोखरा नगर क्षेत्रमा मात्र फेवा, बेगनास, रुपा, कमल, गुँदे, न्यूरेनी, खास्टे, दिपाङ, मैदी गरी नौ वटा ताल छन् भने सहरी क्षेत्र बाहिर दुई सिक्लेसमा कफुचे र माछापुच्छ्रे गाउँपालिकामा पिपर ताल छन्।

तत्कालीन लेखनाथ नगरपालिकाले विसं २०५४ मा सात तालको बाटिका सहरका रूपमा विकास गर्ने योजना ल्याइएको भए पनि संरक्षणका लागि कार्य अगाडि नबढाएको स्थानीय सूर्यप्रसाद बरालले जानकारी दिनुभयो।


## प्रस्ताव तथा परियोजना पेश गर्ने सम्बन्धी ३० दिने सार्वजनिक सूचना।

मिति : २०७९/०५/१६

**पुतलीबजार नगरपालिका**को फोहोरमैला व्यवस्थापन गर्ने कार्य अन्तर्गत नगरपालिका क्षेत्र भित्रको कुहिने तथा नकुहिने बस्तु तथा पदार्थहरु सहित फोहोरमैला व्यवस्थापनका सम्बन्धमा देहाय बमोजि( मका कार्य पुतलीबजार नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि २०७६ को परिच्छेद २ दफा ३ को घ एवं पुतलीबजार नगरपालिकाको निर्णय बमोजिम सामुदायिक संस्था वा नीजि क्षेत्रसँगको सहकार्यमा गर्न अल्पकालीन, मध्यकालीन तथा दीर्घकालिन रुपमा अगाडि बढाउनु परेको हुँदा सोही अनुसार स्पष्ट कार्ययोजना वा परियोजना सहित प्रष्ट रुपमा खुलाई ईच्छुक (कर चुक्ता वा कानून बमोजिम म्याद थप भएका) रीतपूर्वकका सामुदायिक संस्था वा नीजि क्षेत्रबाट प्रथम पटक प्रकाशित मितिले ३० दिनभित्र आर्थिक तथा प्राबिधिक प्रस्ताव तथा परियोजना पेश गर्नुहुन सूचित गराईन्छ।

**प्रस्ताव तथा परियोजना पेश गर्दा स्पष्ट रुपले खुलाउने विषय तथा प्रावधानहरु :-**

१. घरघरबाट फोहोर मैला संकलन तथा सफाइ केन्द्रमा ढुवानीको प्रबन्ध गर्ने तौरतरीकाका सम्बन्धमा।
२. फोहोरहरुको वर्गिकरण (कुहिने र नकुहिने )तथा व्यवस्थापनका सम्बन्धमा।
३. सफाइ केन्द्रको सौन्दर्यकरणका सम्बन्धमा।
४. मेशिन तथा उपकरणको खरिद तथा संचालन एवं व्यवस्थापन सम्बन्धमा।
५. थिग्रेटोको व्यवस्थापन एवं सो का लागि जग्गाको उपयोगका सम्बन्धमा।
६. कर्मचारीहरुको व्यवस्थापनका सम्बन्धमा।
७. सफाई शुल्क असुली तथा रसिदको उपयोग र अभिलेख व्यवस्थापनका सम्बन्धमा।
८. व्यवस्थापनका लागि लाग्ने कूल लागत आम्दानीको प्रक्षेपण।
९. ढुवानी साधन तथा सो को व्यवस्थापनका सम्बन्धमा।
१०. ईन्धन तथा सवारी साधन मर्मत सम्भार र सञ्चालन सम्बन्धी ब्यवस्था संस्था स्वयं वा फर्मले नै गर्ने सम्बन्धमा।
११. कर्मचारीहरुको लजेष्टीक सपोर्ट तथा खाजा नास्ता खर्च र स्वास्थ्य तथा सुरक्षा सामाग्रीको व्यवस्थापनका सम्बन्धमा।
१२. जिम्मेवारी लिने अवधि वा सम्झौता अवधिका सम्बन्धमा।
१३. पूर्वाधार तथा बाटोको स्तरोन्नतिका सम्बन्धमा।
१४. सहकार्य गर्न आवश्यक अन्य विषयहरु भए खुलाउने।

विस्तृत जानकारीको लागि **पुतलीबजार नगरपालिका**को वातावरण तथा सरसफाइ शाखामा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ।

**प्रमुख प्रशाकीय अधिकृत**


# पठन संस्कृतिमा जोड दिदैं पुस्तकालय

**-वासुदेव पौडेल**
**पोखरा, १५ भदौ**

पछिल्ला समयमा पठन संस्कृति कम हुँदै गएको हो कि भन्ने चासो र चिन्ताकाबीच नेपालमा बुधबार १५ औं पुस्तकालय दिवस बिबिध कार्यक्रमका साथ मनाईदै छ।

वर्षेनी पठन संस्कृति कम हुँदै गएको विषय प्रत्येक भदौ १५ गते मनाइने पुस्तकालय दिवसमा निरन्तर उठ्दै आएको छ। दिवसका अवसरमा गरिने छलफल एवम् अन्तरक्रियामा हराउँदै गएको पठन संस्कृतिलाई अन्त्य गर्दै पुस्तकालय जाने र पढ्ने बानीको विकासका लागि वातावरण तयार गरिनुपर्नेमा जोड दिने गरिएको छ।

इतिहास अनुसार नेपालमा विसं १८६९ भदौ १५ गते आजकै दिन तत्कालीन राजा गीवार्णयुद्धविक्रम शाहले हनुमानढोकामा 'पुस्तक चिताइ तहबिल' स्थापना गर्नुभएको थियो। उक्त समयमा पुस्तकालयको रेखदेखका लागि पं केदारनाथ झालाई जिम्मेवारी दिइएको थियो। पुस्तक चिताइ तहबिलका रुपमा पुस्तकालय सम्बन्धी पहिलो कानुन बनेको उक्त त्यही दिनको स्मरण गर्दै नेपालमा २०६५ सालदेखि औपचारिक रुपमा पुस्तकालय दिवस मनाउँदै आइएको नेपाल पुस्तकालय संघका पूर्व केन्द्रीय अध्यक्ष डा.अशोक थापाले जानकारी दिनुभयो। सो पुस्तकालयमा राखिएका पुस्तकलाई वि.सं. १९१० मा दरबार हाइस्कूलमा स्थानान्तरण गरिएको थियो। विसं १९५७ मा घण्टाघरमा स्थापित वीर पुस्तकालयमा दरबार हाइस्कूलका पुस्तक पुनः स्थानान्तरण गरिएको थियो। २०२४ सालमा वीर पुस्तकालयबाट त्यहाँका पुस्तक पुरातत्व विभाग अन्तर्गतको अभिलेखालयमा संरक्षण गरिएको छ। नेपालमा पुस्तकालयको औपचारिक स्थापना भएको दुई शताब्दी भन्दा बढी भैसकेको वर्तमान अवस्थामा थुप्रै पुस्तकालयहरू स्थापना भए पनि पठन संस्कृतिको अभावलाई चुनौतीका रुपमा हेरिएको यस क्षेत्रका अनुसन्धाता बताउँछन्।

पुस्तकालयहरू विशेषतः तीन किसिमका सामुदायिक, शैक्षिक र नीजि रहेको जनाउँदै पूर्व अध्यक्ष थापाले २०६८ को तथ्याङ्क अनुसार नेपालमा सामुदायिक पुस्तकालयको सङ्ख्या एक हजार भन्दा बढी रहेको जानकारी दिनुभयो। समयको परिवर्तन अनुसार पनि पढ्ने संस्कृतिमा परिवर्तन आएको बताउँदै उहाँले पछिल्ला पुस्ता नविनतम प्रविधिमा आधारित पुस्तकालयप्रति आकर्षित बन्दै गएको बताउनुभयो।

"समयको परिवर्तनसँगै अबका पुस्तकालयमा युवा पुस्ताको माग अनुसार पुस्तक तथा पाठ्य सामाग्री राखिनु जरुरी छ", उहाँले भन्नुभयो, "सूचना प्रविधिका क्षेत्रमा आएको परिवर्तनलाई आत्मसात गर्दै पाठ्यपुस्तकलाई डिजिटलाइज गर्नु पर्दछ।" पुस्तकालयको भौतिक संरचना पनि बसौं बसौं पढौं पढौं लाग्ने किसिमको हुनुपर्नेमा उहाँले जोड दिनुभयो। पाठकलाई अधिकतम जोड्नेगरी पुस्तकालयको विकास गरिनुपर्दछ। सामुदायिक जागरणका लागि पुस्तकालय अपरिहार्य भएको ठहर गर्दै तत्कालीन समयमा महाकवि लक्ष्मीप्रसाद देवकोटालगायत केही बौद्धिक व्यक्तित्वहरूले प्रधानमन्त्री भीमशम्शेरका पालामा पुस्तकालय स्थापना गर्दा विसं १९८७ मा 'लाइब्रेरी पर्व' भएको थियो। जुन नेपाली इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ।

त्यस समयमा पुस्तकालय स्थापना गरेवापत तत्कालीन सरकारले उहाँहरूलाई जनही एक एक सय रुपैयाँ जरिवाना तिराइएको थियो। पछिल्ला वर्षमा विभिन्न स्थानमा सामुदायिक पुस्तकालयमा पूर्वाधार विकाससँगै समुदायमा नै पठनसंस्कृति बढाउने प्रयास गरिएको छ। तीनै सामुदायिक पुस्तकालय मध्येको पोखरा महानगरपालिका वडा नं १३ कुँडहरमा छ दशकअघि स्थापित अरुणज्योति पुस्तकालय एउटा ज्वलन्त उदाहरण हो। विसं २००९ अर्थात् नेपालमा १०४ वर्षीय निरङ्कुश राणाशासन अन्त्यपछिको सङ्क्रमणकालीन समयमा स्थापित यस पुस्तकालयले आफ्नै गौरवमय इतिहास बोकेको पुस्तकालयका सञ्चालक समितिका पूर्व अध्यक्ष एवम् भद्रकाली माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र भण्डारीले बताउनुभयो।

पोखरा-१३ स्थित भद्रकाली मन्दिरबाट पूर्व र भद्रकाली माध्यमिक विद्यालयबाट दक्षिणतर्फ रहेको पुस्तकालय महानगरपालिकाद्वारा भोगाधिकारका लागि प्राप्त करिब पाँच रोपनी जग्गामा अवस्थित छ। विगतमा सामान्य एउटा कच्ची कोठाबाट सुरु भएको पुस्तकालय अहिले पक्की ढलानयुक्त भवनमा सञ्चालन भइरहेको छ। इतिहासको जगेर्नाका साथै समाज परिवर्तनको महत्वपूर्ण आधार सो पुस्तकालयलाई थप व्यवस्थित गर्दै कुँडहर र आसपासका क्षेत्रको शैक्षिक तथा सामाजिक पहिचानलाई कायमै राख्न पुस्तकालयमा पठन संस्कृतिमा समेत जोड दिइएको छ।

पुस्तकालयमा अहिले करिब छ हजार पुस्तक, १८ वटा कम्प्युटर, एक वटा ल्यापटप, एक वटा प्रोजेक्टर, इन्टरनेट आदि सुविधा उपलब्ध गराइएको छ। पुस्तक पढ्ने बानीले व्यक्तिलाई तर्कशील बनाउनुका साथै समाजमा सकारात्मक सोचको अभिवृद्धि गराउन सकिने बताउँदै उहाँले आँफूहरुले पुस्तकालय मार्फत पठन संस्कृतिमा जोड दिएको धारणा राख्नुभयो। पोखराकै अर्को पोखरा सार्वजनिक पुस्तकालयले पनि विभिन्न कार्यक्रमका साथ पाठकलाई निरन्तर आकर्षित गर्ने गरेको पुस्तकालय व्यवस्थापन समितिका सहसचिव सूर्य क्षेत्रीले जानकारी दिनुभयो। दैनिक ७०/७५ जनासम्मले अध्ययन गर्ने उक्त पुस्तकालयमा नियमित रुपमा विभिन्न पुस्तकबारे परिचर्चा, उद्यमीसँग उद्यमका कुरा जस्ता कार्यक्रम पनि गर्ने गरिएको उहाँले बताउनुभयो।

"पुस्तकालयमा वातावरण दिवस, युवा दिवस, शिक्षा दिवस, बाल दिवस आदि पनि मनाउने गरिएको छ", उहाँले भन्नुभयो, "विभिन्न कार्यक्रमका साथ हामीले पाठकहरूलाई पुस्तकालयसँग जोड्दै आएका छौं।" पुस्तकालयमा हाल विभिन्न विषयका ११ हजार ५०० पुस्तक छन्।